ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजबाद उन्मुख नमुना गाउँपालिका

*गाउँ कार्यपालिका बैठक सख्या:-०२/२०८२-०८३*

*छलफलका लागि प्रस्तुत प्रस्ताव एवं एजेण्डाहरु:-*

मितिः २०८२/०५/३० गते, सोमवार

१. श्रद्धाञ्जली/सम्मान।

२. नागरिक आरोग्य केन्द्र निरन्तरता र संचालन सम्वन्धमा।

३. कार्यसम्पादन करार सम्झौता सम्वन्धमा।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजनाहरु छनोट सम्वन्धमा।

५. बुढीगण्डकी वृद्धाश्रम र प्रहरी चौकीहरुलाई दशैका लागि आर्थिक सहयोग सम्वन्धमा।

६. आँखा सेवा केन्द्रमा जनशक्ति व्यवस्थापन सम्वन्धमा।

७. १ नं. वडा कार्यालय भवन सम्वन्धमा।

८. सविधान दिवस मनाउने सम्वन्धमा।

९. करार शिक्षक छनौट कार्यविधि सम्वन्धमा।

१०. वडा नं. ०५ बाट प्राप्त एजेण्डा सम्वन्धमा।

क. हाट बजार संचालन सम्वन्धमा।

ख. सहायक कम्प्युटर अपरेटर नियुक्ति सम्वन्धमा।

ग. जनशक्ति व्यवस्थापन सम्वन्धमा।

११. वडा नं ०३ बाट प्राप्त एजेण्डा सम्वन्धमा।

क. नाङ्गे खानेपानी मर्मत सम्वन्धमा।

१२. शिक्षा दिवस-२०८२ सम्वन्धमा।

१३. चाडपर्वको समयमा स्वास्थ्य संस्था संचालन सम्वन्धमा।

१४. सवारी साधनको क्षति सम्वन्धमा।

१५. विविध।

लोक प्रसाद बंजारा
अध्यक्ष

भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२ भाद्र ३० गतेको बैठकको निर्णयहरु:-

| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | राष्ट्रप्रति सम्मान प्रकट गर्दै राष्ट्रिय गान सहित विभिन्न कालखण्डमा राष्ट्रियता, राष्ट्रिय स्वधीनता, शान्ति र लोकतन्त्रका लागि भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, Gen-z आन्दोलन तथा विभिन्न सघर्षका क्रममा आफ्नो जीवनको उत्सर्ग गर्नुहुने सम्पर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्ली तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान गरी घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामगना गर्दै बैठक प्रारम्भ गरियो। | |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| २ | स्वास्थ्य/प्रशासन शाखा | प्रदेश आयुर्वेद चिकित्सालय गोरखाको च.नं. ७, मिति २०८२/०४/०६ गतेको पत्रवाट नागरिक आयोग्य सेवा केन्द्र हस्तान्तरण र संचालन सम्वन्धमा लेखि आएको हुँदा यस पालिका वडा नं. ०१ मा संचालित नागरिक आरोग्य केन्द्रको स्वामित्व यस पालिकाले लिने र त्यस सेवा केन्द्र संचालनको लागि संघिय सरकारवाट वजेट समेत प्राप्त भएको हुँदा केन्द्रमा कार्यरत कर्मचारी (वैध) लाई मिति २०८२/०४/०१ गते देखि लागू हुने गरी यस पालिका मार्फत करार सम्झौता गरी कामकाजमा लगाउने, |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| ३ | प्रशासन शाखा | सुशासन(व्यवस्थापन तथा सञ्चालन ऐन), २०६४ निजामति सेवा ऐन,२०४९, तथा नियमावली २०५०, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकार प्रदेश सरकार र गाउँपालिकाबाट जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधान वमोजिम भिमसेनथापा गाउँपालिकाबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रदान गरिने सेवा प्रवाहलाई थप प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका लागि भिमसेनथापा गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र सम्वन्धित विषयगत शाखा/उपशाखाका प्रमुखहरु तथा वडा सचिवहरु विच कार्य सम्पादन करार सम्झौता गरि यथाशिघ्र सोही अनूरुप कार्यान्वयन गरि परिणाम निकाल्ने, |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| | सबै वडा | चालु आर्थिक वर्ष २०८२/८३ मा संघिय सरकारबाट यस पालिकामा प्राप्त सशर्त अनुदान तर्फ रोजगार आयोजना संचालनका लागि ज्याला रकम(क्रियाकलाप कार्यालयको लागि स्थानीय तहले कम्तिमा शत प्रतिशत रकम साझेदारी रकम साझेदारी गर्नुपर्नेछ) शिर्षकमा रु २९ लाख ७२ हजार प्राप्त भएको तथा गाउँपालिकावाट चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक वजेट योजना तथा कार्यक्रम अन्तर्गत वजेट शिर्षक नं. २२५२९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम शिर्षक रु २९ लाख ७२ हजार गरी जम्मा ५९ लाख ४४ हजार वजेट विनियोजन भएको हुँदा उक्त कार्यक्रम संचालन गर्नका लागि वडाहरुमा अघिल्लो बैठकबाट निर्णय भए वमोजिम पेश भएका तपसिल वमोजिमका योजनाहरु संचालन गर्ने, |



लोक प्रसाद बंजारा
अध्यक्ष

CamScanner

| | कार्यालयहरु | क.स | योजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| ५ | | वडा नं ०१ | भोगटे फेद दलित वस्ती सडक सोलिङ | |
| | | | काप्रो फेद घुम्तिबाट तालखोला सडक सोलिङ | |
| | | | लोकमार्गबाट सामुदायिक स्वास्थ्य ईकाइ | |
| | | | सुवेदी गाउँ सडक सोलिङ | |
| | | | भुमेथान सडक खण्ड | |
| | | | ओमराज घरदेखि श्रीमलगाउँ सडक | |
| | | | आपको फेदवाट लोकमार्ग | |
| | | | देविस्थान वाट तिदुगैरा जाने वाटो | |
| | | | चर्चदिखि भुतेडाँडा सम्म | |
| | | | कयाँपानी उकालो सिढीं वाटो | |
| | | वडा नं. ०२ | ठूलो पंधेरा माले पधेरा सिँढी बाटो | |
| | | | खुट्टे डाँडाथोक सिँढी वाटो | |
| | | | वगुवा खेत सिँढी वाटो | |
| | | | वागुवा खेत अर्चले सिँढी बाटो | |
| | | | माझाको चौतारो निर्माण | |
| | | | काउले सिढीं वाटो निर्माण | |
| | | वडा नं. ०३ | मुलपानी लोकमार्ग सिढी वाटो | |
| | | | धने चौतारो डाँडा विसौनी सिढी वाटो | |
| | | | लाकुरे पधेरो चिसापानी सिढी वाटो | |
| | | | मैदान चौतारो दाहाल गाउँ सिढी वाटो | |
| | | | पल्लो खमारे वि.क. गाउँ सिढी वाटो | |
| | | | दुल्लभ मार्ग गणेश मन्दिर सिढी वाटो | |
| | | | कुलीगैरा खेलमैदान सरसफाई | |
| | | | मध्यपहाडी लोकमार्ग नवज्योती मा.वि. गंगटे सिढी वाटो | |
| | | वडा नं. ०४ | वालुवाटार सिढी वाटो निर्माण | |
| | | | विलेटार ठाडो वाटो सोलिङ्ग तथा सिंढी वाटो निर्माण | |
| | | | डाँडा गाउँ सोलिङ्ग तथा सिंढी वाटो निर्माण | |
| | | | धावा स्वास्थ्य चौकी सडक स्तरोन्नती | |
| | | | शिवालय मन्दिर जाने ठाडो वाटो सिढी निर्माण | |
| | | | उपरकोटी गाउँ ठाडो गल्ली सिढी निर्माण | |
| | | | धरमपानी घुम्तीवाट लामाचौर डिल सम्म सिढीवाटो | |
| | | | आहालडाँडा देखि खडेपानी सम्म सिढीवाटो | |
| | | | लामाचौर चौतारो निर्माण | |
| | | | वगैचा चौतारो निर्माण | |



लोक प्रसाद बंजारा
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| | वडा नं. ०५ | कसिन्थोक चौतारो निर्माण | |
| | | सानुखोल्सा देखि छाँगा सम्म सिढीवाटो | |
| | | छाँगेदेखि चतरे सम्म सिढीवाटो | |
| | | थरीगाउँ जाने सडक निर्माण | |
| | | कसिन्थोक सडक निर्माण | |
| | | सिखे सिढीवाटो | |
| | | वन्त गाउँ जाने निर्माण | |
| | | खत्रिगाउँ जाने सिढी वाटो | |
| | | सङ्ग प्रसादको घर जाने सडक सोलिङ्ग | |
| | | ज्यामिरे जाने सडक सोलिङ्ग | |
| | | माछापोखरी सडक सोलिङ्ग | |
| | | स्वास्थ्य चौकी जाने सिढीवाटो | |
| | वडा नं. ०६ | ओख्लेपानी वाटो सोलिङ तथा ढलान | |
| | | मोहोरिया वाटो सोलिङ तथा ढलान | |
| | | वोहोरा टोल सिँढी वाटो | |
| | | छापगाउँ सिँढी वाटो | |
| | | रिप अश्राङ्गकोट सिँढी वाटो | |
| | | कोखेली गाउँ खानेपानी टंयाङ्की निर्माण | |
| | | कोखेली गाउँ सिँढी वाटो | |
| | | झिंगटे माझगाउँ सिँढी वाटो | |
| | | वख्लेपानी सिँढी वाटो | |
| | | वगुवाखेत पहिरो नियन्त्रण | |
| | | आँगे खेत सडक स्तरोन्नती | |
| | वडा नं. ०७ | सिमलटार सिढी निर्माण | |
| | | सुन्दरपुर सिढी निर्माण | |
| | | क्यामुन्टार सिढी निर्माण | |
| | | नारायणपुर सिढी निर्माण | |
| | वडा नं. ०८ | पन्त गाउँदेखि स्वास्थ्य भवन पाइप लाइन खन्ने पुर्ने काम | |
| | | अमलाभञ्याङ्ग छिपिटोल ढलान वाटो | |
| | | खेलमैदान देखि दरै सामुदायिक भवन सिढीवाटो | |
| | | उनेपानी देखि आलेगाउँ सिढी वाटो | |
| | | ऐरिभञ्याङ्ग सिढीवाटो | |
| | | दरैगाउँ चौतारो निर्माण | |
| | | काटलेचौर चौतारो निर्माण | |



लोक प्रसाद बंजारा
अध्यक्ष

| | | |
|---|---|---|
| | | भट्टगाउँ सिढी वाटो |
| ५ | प्रशासन शाखा | यस गाउँपालिका भित्र रही सुरक्षार्थ खटिएका तपसिल वमोजिमका प्रहरी चौकीहरु तथा वडा नं. ०३ स्थित बुढीगण्डकी वृद्धाश्रमलाई नजिकदै गरेको नेपालीहरुको महान चाड वडा दसैको अवसरमा पुजा व्यवस्थापन गर्नका लागि मेला, महोत्सव, समारोह पर्व, दिवस तथा जयन्ती शिर्षकमा विनियोजन भएको वजेटवाट प्रत्येक प्रहरी चौकी/युनिट तथा संस्थाहरुलाई देहाय वमोजिम खर्च उपलब्ध गराउने,<br>तपसिलः-<br>• वोर्लाङ्ग प्रहरी चौकी- भिमसेनथापा-०८, वोर्लाङ्ग- रु १० हजार<br>• प्रहरी चौकी नयाँसाघु रु ५ हजार<br>• घ्याम्पेशाल प्रहरी चौकी- भिसमेनथापा-०१, घ्याम्पेशाल- रु.१० हजार<br>• नगर प्रहरी युनिट- भिमसेनथापा-०५, खाञ्चोक- रु १० हजार<br>• वुढी गण्डकी वृद्धाश्रम- भिमसेनथापा-०३, तान्द्राङ्ग- रु २० हजार |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| ६ | स्वास्थ्य/प्रशासन | वडा नं. ०५ स्थित वगुवा स्वास्थ्य चौकीमा रहेको भिमसेनथापा गाउँपालिकाको शहिद स्मृति आँखा उपचार केन्द्रमा नेत्र सहायक पद रिक्त भएको हुँदा उक्त पदमा सेवा करारमा पदपूर्तिका लागि आवश्यक प्रकिया अगाडी वढाउने, |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| ७ | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | वडा नं. ०१ कार्यालय निर्माण गर्ने भनिएको जग्गाको भौगोलिक वस्तुस्थिति अध्ययन गर्दा साविकमा तयार भएको डि.पि.आर अनुकूल नभएको हुँदा पुनः भौगोलिक वनावट अनुरुप वडा कार्यालय भवन निर्माण गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्ने प्राविधिक शाखाको राय पेश भएको हुँदा सो कार्यका लागि चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत वातावरणीय अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयारी शिर्षकमा विनियोजन भएको बजेटवाट यथाशिघ्र डि.पि आर तयार गर्ने, |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| ८ | सवै वडा कार्यालय | मिति २०८२ आश्विन ०३ गते पर्ने संविधान दिवस एवं राष्ट्रिय दिवसको अवसरमा वडा कार्यालयहरुसँगको समन्वय र सहकार्यमा गाउँपालिका भित्रका सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्था, टोल विकास संस्था, युवा क्लव, महिला समूह लगायत संघ-संस्था तथा विद्यालय लगायत सवैको उपस्थितमा भिमसेनथापा चक्रपथ केन्द्रित रही संस्थाहरुले गरेका असल अभ्यासको प्रदशनी गर्ने, वाजा झाँकी सहित र्‍याली गर्ने/गराउने तथा अन्य विविध कार्यक्रमहरु संचालन गर्ने तथा दिवस मनाउने क्रममा खर्चको रकम भिमसेनथापा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक वजेट योजना तथा कार्यक्रम अन्तर्गत मेला, महोत्सब, समारोह, पर्व, दिवस तथा जयन्ती शिर्षकमा विनियोजन भएको वजेटवाट खर्चको लेखाङ्कन गर्ने गरी संविधान एवं राष्ट्रिय दिवस समारोह आयोजना गर्ने |



लोक प्रसाद बंजारा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | वडा/विद्यालयलाई एकमुष्ट खर्चका आधारमा अधिकतम रु ५० हजार उपलब्ध गराउने, |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| ९ | भिमसेनथापा गाउँपालिकाको करार शिक्षक छनोट सम्वन्धी कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने, | |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| १० | प्रशासन/कृषि/वडा नं. ०५ | क. वडा नं ०५ मा संचालित पालिका स्तरिय हाटवजार व्यवस्थापन समितिलाई सक्रिय गराई हाटबजार संचालन गर्नका लागि आवश्यक निर्देशन दिने,<br>ख. वडा नं. ०५ मा रिक्त सहायक कम्प्युटर अपरेटर पदपूर्तिका लागि प्रक्रिया अगाडी वढाउने,<br>ग. पालिका स्तरिय नर्सरी तथा हेडर्स नेपालमा संचालित व्यवसायिक फूलखेतिको संरक्षण एवं सर्वद्धन लागि एक जना व्यक्तिलाई ज्यालादारीमा कामकाज गराउने गरी कृषि विकास शाखावाट आवश्यक व्यवस्था मिलाउने, |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| ११ | पशासन/वडा नं ०३ | क. वडा नं. ०३ स्थित नाङ्गे खानेपानी योर्जनाको मर्मतका लागि सिफारिस भई आएको हुँदा चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत मर्मत संम्भार कोष तर्फ विनियोजन भएको वजेटवाट प्राविधिक प्रतिवेदन पेश गर्ने गरी रु ५० हजार विनियोजन गर्ने, |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| १२ | शिक्षा, युवा तथा खेलकुद शाखा | राष्ट्रिय शिक्षा दिवस समारोह -२०८२ मनाउने सम्बन्धमा सामाजिक विकास समितिवाट पेश भएको निर्णयलाई अनुमोदन गर्ने, |
| क्र.स | विषयगत शाखा | निर्णयको व्यहोरा |
| १३ | स्वास्थ्य शाखा | नजिकदै गरेका नेपालीहरुको चाड वडा दशै/तिहार/नेपाल सम्वत् एवं छठ पर्वको अवसरमा लामो समयसम्म सार्वजनिक विदाको पर्ने भएकोले सो अवसरमा सेवाग्राहीहरुलाई आवश्यक पर्ने स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने दायित्व समेत स्थानीय सरकारको रहेको हुँदा सो समयमा पर्ने सार्वजनिक विदाको अवसरमा पालिका भित्र ११ वटै स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य सेवा केन्द्र/सामुदायिक स्वास्थ्य ईकाई खुला गरी स्वास्थ्य सेवा प्रदान गर्ने निर्णय गरियो। साथै उक्त समयमा कार्यालयमा उपस्थित भई स्वास्थ्य सेवा प्रवाहमा खटिने प्रत्येक संस्थाका एक जना स्वास्थ्य कर्मीलाई रु १,२००।- र एक जना कार्यालय सहयोगीलाई रु ७००।- प्रोत्साहन स्वरुप आ.व २०८२/०८३ मा कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा विनियोजन भएको बजेटवाट उपलब्ध गराउने, |
| १४ | खरिद तथा भण्डार उपशाखा | देशव्यापी रुपमा भएको GEN-Z को आन्दोलनका क्रममा मिति २०८२/०५/२४ गते आन्दोलनरत समूहवाट भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको BAB 0236 (4 WD SINGLE CAB PICK) इन्जिन नं. TBS1C80458 च्यासिस नं.MA1ZC4TBKS1C33937 नम्वरको सरकारी सवारी साधन कार्यालयको कामकाजका |



लोक प्रसाद बंजारा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | लागि मुख्यमन्त्री तथा मन्त्रपरिषदको कार्यालय गण्डकी प्रदेश पोखराको कार्यालय परिसरमा रहेको अवस्थामा तोडफोड तथा आगलागी भई पूर्ण रुपमा क्षति भएको हुँदा उक्त सवारी साधनको विमा पोलिसी वमोजिम विमा दाबी तथा लिलाम बिक्री/मिनाहाको प्रकिया अगाडी वढाउने, |

**विविधः-**

क. चालु आर्थिक बर्ष २०८२/८३ मा गाउँपलिकबाट विनियोजन भएका सबै बजेट तथा कार्यक्रमहरु गाउँपालिका भित्र दर्ता/नविकरण भई संचालनमा रहेका टोल विकास संस्थाहरुलाई मार्फत गर्ने एवं निष्क्रिय संस्थाहरुलाई वडा कार्यालयहरुले सक्रिय गराउने टोल विकास संस्थाहरुलाई चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र वजेटको कार्यन्वयन सम्बन्धी १(एक) दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्नुको साथै सबै टोल विकास संस्थालाई हरेक महिना देहाय बमोजिमको कार्यक्रम संचालन गर्ने र सोको प्रतिवेदन पेश गर्ने गरी टोल विकास संस्थाका फोकल पर्सन र टिमलाई आवश्यक निर्देशन दिने,

देहायः-

| क.स | गते | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| ०१ | प्रत्येक महिनाको १ गते | जनसेवा | |
| ०२ | प्रत्येक महिनाको १० गते | प्रतिभा प्रस्फुटन/मनोरन्जन कार्यक्रम | |
| ०३ | प्रत्येक महिनाको २० गते | समिक्षा वैठक | |

अन्त्यमा, वैठकमा सहभागी कार्यपालिका सदस्य, शाखा प्रमुखहरुको हार्दिक सहयोग र सक्रिय सहभागीताका वीच वैठक सौहाद्रपूर्ण तरिकाले सम्पन्न भएकोमा खुसी व्यक्त गर्दे वार्षिक नीति कार्यक्रम र वजेटलाई मार्गदर्शन मान्दै बैठकमा गरिएका समिक्षा र निर्णयहरुको कार्यान्वयनमा जोड दिन सबैमा आग्रह गरी वैठकका सवै निर्णयहरुलाई सर्वसम्वत रुपमा पारित गर्दै बैठकमा सहभागी सवैमा आभार सहित धन्यवाद ज्ञापन गरि कार्यवाहक अध्यक्षबाट वैठकको समापन भयो।

लोक प्रसाद बंजारा
अध्यक्ष



CamScanner